# आर्थिक वर्ष २०७६/७७ को
# नीति कार्यक्रम तथा बजेट वक्तव्य

## लक्ष्मीपुर पतारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

महेशपुर पतारी, सिरहा

प्रदेश नं. २, नेपाल

# *लक्ष्मीपुर पतारी गाउपालिकाको*
# *तेश्रो बार्षिक नीति, कार्यक्रम तथा बजेट*

## *लक्ष्मीपुर पतारी गाउपालिका अध्यक्षश्री रामबल्लभ साहबाट*
## *आ.ब. २०७६।०७७ को लागि प्रस्तुत नीति तथा कार्यक्रम*

***पेश भएको मिति २०७६।०३।१० गते***

यस गाउँपालिकाका उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वडा अध्यक्ष ज्यूहरु,
कार्यपालिका सदस्य ज्यूहरु,
वडा सदस्य ज्यूहरु,
लक्ष्मीपुर पतारी गाउँपालिकाका उपस्थित कर्मचारी साथीहरु,
लगायत उपस्थित सम्पूर्ण सुरक्षाकर्मी, पत्रकार लगायत अन्य महानोभावहरु लक्ष्मीपुर पतारी गाउँपालिका र म आफ्नो व्यक्तिगत तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै अभिवादन टक्रयाउन चाहन्छु ।

सर्वप्रथम सम्मानित यस गाउँसभा समारोह समक्ष आ.ब. २०७६।७७ को वार्षिक नीति कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहाँहरु माझ उभिइ रहँदा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र जनआन्दोलन, मधेश आन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन आहूती गर्ने ती महान ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । जनआन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा घाइते भएका, वेपता पारिएका लगायतकायोद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

यस गरिमामय सभामा उपस्थित यस गाउँपालिकाको उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, गाउँपालिकाका उपस्थित कर्मचारी साथीहरुलगायत सबै महानुभावहरुलाई गाउँपालिकाको तर्फवाट हार्दिक सम्मान एवं स्वागत गर्न चाहन्छु ।

जनताका सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएको, स्थानीय स्तरका जनताको अधिकत्तम हितलाई सम्बोधन गर्दै स्थानीय प्रजातन्त्रको सुदृढीकरण गर्ने, लोकतन्त्रका लाभहरुको वितरण गर्दै सशक्तिकरण, समावेशीकरण मार्फत मुल प्रवाहीकरण गर्ने, स्थानीय शासनको वैधता स्थापित गर्दै समावेशी विकास मार्फत दिगो विकासका लक्ष्य प्राप्त गर्नु नै आजको लक्ष्य तथा चुनौती दुवै हो । वास्तवमा स्थानीय सरकारहरु जनप्रतिनिधीमुलक संस्था हुन् । आपसी सहयोग, सहमति, सद्भाव र सहकार्यका माध्यमबाट

गाउँपालिकाका विविध गतिविधि सञ्चालन गर्ने निर्दिष्ट नीति अनुरुप गाउँपालिका स्थित सभा सदस्यहरुबाट निरन्तर रुपमा प्राप्त सल्लाह, सुझाव, मार्गदर्शन र सहयोग प्रति म यस शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु ।

सहभागितामूलक योजना तर्जुमा पद्धती अर्न्तगत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन, मूल्यांङ्कन समेतका हरेक प्रकृया तथा तहमा सरोकारावाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई सन्तुलित एवं समावेशी तथा दिगो बनाउने अवधारणा अनुरुप वडा नागरीक मञ्च, वडावासी एवम् सरोकारवालाको व्यापक सहभागितामा वडा स्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत समिति एवं एकिकृत योजना तर्जुमा गोष्ठीमा सम्बद्ध सबै सँग व्यापक अर्न्तक्रिया र छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गर्दै आर्थिक वर्ष २०७६/७७ को नीति यहाँहरु समक्ष प्रस्तुत गर्न उपस्थित भएको छु ।

**उपस्थित महानुभावहरु** :

अव म आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका नीतिगत मार्गदर्शनको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

अगामी आर्थिक वर्षको बजेट तर्जूमा गर्दा नेपालको संबिधानमा उल्लेखित नागरिकका मैलिक हक, राज्यका निर्देशक सिद्धान्त, निति तथा बजेट संघीय सरकारको निति तथा कार्यक्रम प्रदेश सरकारको निति तथा कार्यक्रम पूर्व बजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु चौधौ आवधिक योजना, विनियोजन विधेयक, गाउँ सभा सदस्यहरुबाट प्राप्त सुझावहरु तथा आ.व. २०७५।७६ को कार्यक्रममा उल्लेखित महत्व पूर्ण कार्यक्रमहरुलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु । साथै यो अधिवेशन अधिक्तम १५ दिनको हुनेछ र उक्त अवधिभर सभा सदस्यज्यूहरुबाट छलफलबाट प्राप्त हुने सरसल्लाह एवं सुझावहरु समेत निति तथा कार्यक्रममा समावेश गर्नेछु भनी प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

# क्षेत्रगत अख्तियार गरिएका नीतिहरु

## क) आर्थिक क्षेत्र

**कृषि तथा पशु विकास सम्वन्धी नीति**

- निर्वाहमुखी खेती प्रणालीलाई जिविकोपार्जनको प्रमुख माध्यमको रुपमा विकास गर्न कृषिको आधुनिकीकरण गरिनेछ ।
- कृषि पकेट क्षेत्रको रुपमा यस गाउँपालिका क्षेत्रलाई विकास गर्दै धान, गहुँ, र मौसमी तथा बेमौसमी तरकारी उत्पादन बृद्धिमा जोड दिइनेछ ।
- कृषक समुह, कृषि सहकारिताको माध्यमबाट व्यवसायिक कृषि उत्पादकत्व वृद्धि गर्न माछापालनलाई प्रोत्साहीत गरिनेछ ।
- पशु विमाको प्रवर्द्धन गरि ब्यवसायीक पशुपालन तर्फ प्रोत्साहन गरिनेछ ।
- मासु जाँच ऐन लगायतका कानुनले तोके बमोजिमको स्वस्थ्य र स्वच्छ मासु विक्री भए नभएको सम्बन्धमा समय समयमा अनुगमन गरीनेछ ।
- सिचाई, कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्र, कृषि जन्य लघु उद्योग एवम बजारीकरणलाई एकिकृत रुपमा विकासगर्दै लगिनेछ ।
- अर्ग्यानीक खेतीलाई प्रोत्साहन गर्न विषादिमुक्त खेती गर्ने लाई प्रोत्साहन गरिनेछ ।
- लक्ष्मीपुर पतारी गाउँपालिकालाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- सिंचाइका लागि आवश्यक व्यवस्था साथै कृषि विद्युतीकरणलाई प्राथमिकता दिइनेछ ।
- सामुहिक खेती प्रणालीलाई जोड दिइने छ ।
- सिचाईको लागि भूमिगत जलस्रोतको उपयोगमा बढावा दिइने छ ।
- कृषकहरुलाई प्रागांरिक तथा वर्मिक मल प्रयोग गर्न प्रोत्साहन गरिने छ ।
- कृषिमा विषादीको प्रयोग न्यूनिकरण गरी रोग रोकथामको वैकल्पिक उपायहरुको प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति लिईनेछ ।
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण गर्ने नीति लिईनेछ ।
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन गर्ने नीति लिईनेछ ।
- कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण गर्ने नीति लिईनेछ ।
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण गर्ने नीति लिईनेछ ।

## पर्यटन तथा संस्कृति प्रवर्द्धन नीति

- यस गाँउपालिका क्षेत्र भित्र रहेका धार्मिक क्षेत्र तथा सास्कृतीक क्षेत्रहरुको पहिचान गरि तिनीहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- यस गाउँपालिकामा प्रत्येक नयाँ वर्षको २ गते लाग्ने मेलामामा लाखौको संख्यामा आउने तिर्थ यात्रीहरुलाइ व्यवस्थित गरिने छ ।
- गाँउपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पुर्ण समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ ।
- धार्मिक सांस्कृतिक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ मन्दिर आदीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।
- राष्ट्रिय पर्यटन बोर्डमा दर्ता भैसकेका पताल पोखरी लगायत त्यस क्षेत्रलाई नमुना पर्यटन स्थलको रुपमा विकास गर्ने ।
- पर्यटकीय गाउँको रुपमा विकास गर्नको लागि आवश्यक क्षेत्रहरुको पहिचान गरि विकास गरिनेछ ।
- पर्यटनको क्षेत्रमा पर्यटकीय क्षेत्रको समुचित विकास एवं प्रवर्द्धन गर्ने र परम्परागत कला/संस्कृतिको संरक्षणमा विशेष ध्यान दिइने छ ।
- धार्मिक संस्कृति जगेर्ना तथा प्रवद्धन गरिने छ ।

## उद्योग तथा वाणिज्य नीतिः

- परम्परागत तथा सांस्कृतिक रुपमा स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमकोमाध्यमबाट प्रवर्द्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।
- आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुऱ्याइनेछ ।
- यस गाँउ पालिकाक्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका व्यवसायहरुलाई करको दायरामा ल्याउन विशेष अभियान संचालन गरिनेछ ।
- गाँउपालिका क्षेत्रमा संचालित उद्योग एवं ब्यवसायहरु स्थापनाको उदेश्य अनुरुप संचालन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ ।

## सहकारी नीतिः

- स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शी तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।
- हालसम्म सहकारी संस्था स्थापना र सञ्चालन नभएका वडाहरुमा कम्तीमा एक(१) वटा सहकारी संस्था स्थापना गर्न पहल गरिनेछ ।
- गाउँपालिका भरि रहेका सहकारीहरु संस्थाहरुको विवरण अध्यावधिक गराई करको दायरा भित्र ल्याईने छ ।

## ख) सामाजिक क्षेत्र

### शिक्षा विकास सम्बन्धि नीतिहरुः

- गाँउपालिका क्षेत्रमा संचालित विद्यालयहरुको संचालन तथा व्यवस्थापनमा सहजिकरण, समन्वय एवम् नियमन कार्य गाँउपालिकाको नीति निर्देशनमा शिक्षा समितिले गर्नेछ ।
- अध्यनरत विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा शिक्षकको दरबन्दि मिलान गरिनेछ ।
- विद्यालयलाई प्रदान गर्ने भौतिक सुविधालाई आवश्यकता र सुचकाङ्कको आधारमा तय गरिनेछ ।
- आधारभुत तह देखी नै अंग्रेजी भाषा, कम्प्युटर शिक्षा तथा विभिन्न Extra Curricular Activities मा जोड दिइनेछ ।
- सबै विद्यालयहरुमा पुस्तकालय तथा ICT पूर्वाधार सहितको एक सिकाई केन्द्र व्यबस्थापनकालागि पहल गरिनेछ ।
- गाँउपालिका क्षेत्रमा अनिवार्य र निःशुल्क आधारभुत शिक्षा लागु गर्ने कार्यलाई प्राथमिकताका साथ अगाढी बढाईनेछ ।
- बालबालिकाको सर्वाङ्गिण विकासका लागि अन्तर विद्यालय खेलकुद, हाजिरि जवाफ, बक्तृत्वकला, नृत्य, वादविवाद जस्ता प्रतियोगिताहरु संचालन गर्ने ।
- विद्यालयको सम्पती सुरक्षा गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- विद्यालयको लेखा परीक्षण सम्बन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक पुरस्कार तथा कारवाही गरिनेछ ।
- निरन्तर विद्यार्थी मुल्यांकन प्रक्रियालाई कडाइको साथ अनिर्वाय रुपमा लागु गरिने छ ।
- दिगो र अर्थपुर्ण सिकाइको लागि पठन पाठन उदेश्य अनुसारको शैक्षिक सामग्रीको प्रयोग गर्न लगाउने कार्य गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुमा समीति गठन गर्न आवश्यक पहल गरिनेछ ।
- आधारभुत तहमा शिशु भर्ना दर सत प्रतिशत पुर्‍याउने आवश्यक पहल गरिनेछ ।
- शिक्षक र विद्यार्थीहरुको नियमित उपस्थीतीको लागी प्रत्येक विद्ययालयमा E-Attendence लागु गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुको अन्तीम परिक्षाको परिक्षाफलको समिक्षा गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत संचालित रहेका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहन गर्न SEE परिक्षामा A+ वा A Grade ल्याएका विद्यार्थीहरु मध्ये प्रत्येक विद्यालयबाट एक एक जना विद्यार्थीलाई गाउँ पालिकाले तोकेको विद्यालयमा कक्षा ११ र १२ मा निशुल्क अध्ययन गराइने छ ।
- उत्कृष्ट शैक्षिक संस्था तथा शिक्षकहरु तथा विद्यार्थीहरुलाई पुरुषकृत गरिनेछ ।
- जेहेन्दार तथा उत्कृष्ट छात्राहरुलाई साईकल वितरण गर्ने ।

## स्वास्थ्य नीतिः

- गाँउपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकीहरुको भौतिक एवमं संरचनागत सुधार गर्दै व्यवस्थापनलाई निर्धारित मापदण्ड अनुरुप विकास र विस्तार गरिनेछ ।
- नेपाल सरकार स्वास्थ्य मन्त्रालयले प्रकाशित गरेको खोप तालिका बामोजिम सबै वालवालिकाको लागि खोपको सुनिश्चितता गर्न विशेष व्यवस्था गरिनेछ ।
- आयुर्वेद तथा पारम्पारिक चिकिस्ता प्रणालीको विकासलाई प्रोत्साहन गर्नेछ ।
- गाउपालिकाको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यक्रमलाई सशक्त ढंगले कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- गाँउपालिकाको स्वास्थ्य क्षेत्रको सुधार तथा जनतामा स्वास्थ्य चेतना अभिवृद्धिमा महिला स्वयंम सेविकाको भुमिकाको उच्च मुल्याङ्कन गर्दै महिला स्वमं सेविकाहरु निम्ती प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ तथा यस गा.पा.का महिला स्वास्थ्य स्वयंसेविका निजले गरेको योगदान बापत प्रति महिना रु.       खाजा खर्च उपलब्ध गराईनेछ ।
- गाउपालिकामा कम्तिमा १५ शैयाको अस्पताल निर्माणको लागि पहल गरिनेछ ।
- प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवालाई पहिलो प्राथमिकता दिईनेछ ।
- योगाभ्यासलाई पञ्चकर्म तथा आर्युवेदिक चिकित्सा पद्धतिलाई प्रोत्साहन गरिने छ ।
- खोप केन्द्र तथा गाउँघर क्लिनिकलाई आवश्कता अनुसार विकास र विस्तार गर्दै लगिनेछ ।
- रक्तदान जीवन दान भन्ने नारालाई साकार पार्न रक्तदान कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
- नसर्ने रोगको वारे जनचेतना तथा स्वास्थ्य शिक्षामा विशेष जोड दिइने छ ।
- चालु आ.व. मा कम्तिमा २ वटा वडाहरुमा बर्थिगं सेन्टर संचालन गरिने छ ।
- स्वास्थ्य सेवामा महिलाहरुको पहुँच तथा बच्चा जन्माउन अस्पताल नै जानुपर्ने कुरालाइ ह्दयमंगन गरि गाउँपालिकामा एम्बुलेन्सको व्यवस्था गरिने छ ।
- विद्ययालयहरुमा छात्राहरुको लागि स्यानिटी प्याडको व्यवस्था गरिने छ ।

## खानेपानी, सरसफाई स्वच्छताः

- सबै गाँउबासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।
- खानेपानी, सरसफाइ र स्वच्छताकार्यक्रमलाई साझा अभियानको रुपमा विकास गरी ब्यक्तिहरुको स्वास्थ्य, मान, प्रतिष्ठा र इज्जतको सवालसंग जोडी कम लागतमा बढी नतिजा आउने कार्यक्रम सञ्चालन गर्ने । यसका लागि पालिकाको बहुवर्षीय खानेपानी, सरसफाइ र स्वच्छतायोजना (WASH Plan) तयार गरी सबै सरोकारवालाहरु र विकास साझेदार संस्थाहरुलाई यसै योजनाको लक्ष्य पूरा गर्न एकद्वार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिनेछ ।
- संस्थागत सरसफाइ (विद्यालय/बाल विकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाइ र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी सरसफाइ) सुविधा सुनिश्चित गर्न अभियानको रुपमा लागू गरिनेछ ।
- वजार क्षेत्रमा सार्वजनिक शौचालयको र टोल बस्तीमा स्यालो ट्यूववेल निर्माण गरिने छ ।

**युवा तथा खेलकुद सम्बन्धी**

- ❖ युवाहरुको लागि क्षमता विकास एवं स्वरोजगारी सिर्जनामा जोड दिई युवाहरुको बिदेश पलायनको मात्रालाई न्युनिकरण गरिने छ ।
- ❖ स्थानीय स्वरोजगारको लागि सिपमुलक तालिम संचालन गरिनेछ ।
- ❖ जिल्ला स्तरीय तथा बडास्तरका प्रतियोगितात्मक खेलकुदका कार्यक्रम संचालन गरिने छ ।
- ❖ खेल र खेलाडीहरुलाई उत्पादन गर्न आवश्यक खेलकुदका सामाग्रीको व्यवस्था मिलाइने छ ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यकमलाई प्रभावकारी कार्यान्यिन गरिनेछ ।

# ग) पूर्वाधार क्षेत्र

- ➢ गाँउपालिकाको एकिकृत विकासका लागि गाउँपालिका सडक संजाल गुरु योजना तयार गरिनेछ ।
- ➢ गाँउपालिका क्षेत्रको सडक तथा स साना पुलहरुको निर्माण गर्ने नीतिहरु अंगिकार गर्नेछ ।
- ➢ गाँउपालिकाका विभिन्न वडाहरुबाट गाँउपालिका केन्द्र जोड्ने सडकहरुको स्तरोन्नती गर्नेछ ।
- ➢ गाउँपालिकामा रहेको खाली मैदानमा एक गाँउपालिका स्तरीय रंगशाला निर्माण गर्न अध्ययन गरिनेछ ।
- ➢ गा.पा.क्षेत्र भित्रका संरचना, जग्गा, जमिन, गा.पा.का अधिनमा आउन सक्ने सम्भावित सम्पति खोजविन नापजाँच आदि कार्यको लागि प्राविधिको व्यवस्था गरिनेछ ।
- ➢ सामुहिक भुमिसुधार जल योजना बनाई कार्यान्वयन गर्न आवश्यक ब्यवस्था मिलाउनेछ ।
- ➢ साना तथा मझौला सिंचाईको सम्भाव्यता अध्ययन गरिनेछ ।
- ➢ भवन निर्माण गर्दा नेपाल सरकारले तोकेका मापदण्डहरु पालना गराउने नीति अंगिकार गरिनेछ ।
- ➢ घरनक्सा स्विकृत नगरी घर निर्माण गर्ने प्रवृतिको अन्त्यका लागि दण्ड जरिवानाको व्यवस्था गरिनेछ ।
- ➢ ड्रेन, फुटपाथ तथा वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- ➢ गाँउपालिकाका विभिन्न स्थानहरुमा RECREATION PARK, CHILDREN PARK आदि प्राथमिकताको आधारमा अध्ययन शुरु गरिनेछ ।
- ➢ प्लटिङ्गलाई व्यवस्थित गर्न तोकिए बमोजिमको मापदण्ड अनुसार नाला, विद्युत, खुला स्थान आदिको व्यवस्था सहित गाँउपालिकामा दर्ता हुने व्यवस्था गरिनेछ ।
- ➢ वजार क्षेत्र तथा आवश्यक ठाउँमा पोलबत्ती तथा सोलार बत्ती जडानलाई प्राथमिकता दिइनेछ ।
- ➢ गाउँपालिकाको गौरबको आयोजनाहरु पहिचान गरि आयोजनाहरुमा थप बजेट माग गर्न प्रदेश तथा संघिय सरकार समक्ष पेश गर्ने

## घ) वातावरण तथा विपत व्यवस्थापन नीतिः

- गाँउक्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई गरिनेछ ।
- फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईड खोजि गरिनेछ ।
- फोहर ब्यवस्थापनका सम्बनधमा वडा समितिहरु मार्फत जनचेतना कार्यक्रम संचालन गरिनेछ
- गाँउक्षेत्रको फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराई फोहोर व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीका लागि पहल गरिनेछ ।
- भुकम्प, अतिवृष्टि, बाढी, हावाहुरी, चट्टयाङ्ग, आगलागी, खडेरी, महामारी, शीतलहर तथा हैजा, वर्डफ्ल्यु, डेंगु, जस्ता महामारी बाट उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न विपत व्यवस्थापन पुर्व तयारी योजना र विपत प्रतिकार्य योजना तयार गरि कार्यान्वयन गरिनेछ ।
- विपत प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिक बिच अन्तर सम्बन्ध कायम गरी पिडितको पहिचान, पिडितलाई तत्काल राहत तथा पुनःस्थापना सम्बन्धि कार्यमा एकरुपता ल्याई दोहोरोपन सृजना हुन रोक लगाइनेछ ।
- स्थानीय/समुदाय स्तर सम्म विपत पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपदको समयमा राहत प्रदान गर्न एवमं तत्काल बाटो, पैनी, आदि मर्मत गरि क्षति न्युनिकरण गर्न गठन भएको विपद व्यवस्थापन कोषको समुचित उपयोग गरिनेछ ।

## ङ) वित्तिय व्यवस्थापन र सुशासन, न्याय सम्पानद नीतिः

- गाँउपालिका तथा विषयगत कार्यालयको आम्दानी र खर्चको लेखाङ्कन कम्प्युटराइज्ड गर्ने, यसै वर्ष गाँउपालिका एकाउन्टिङ सफ्टवयर जडान गर्ने, विषयगत कार्यालको हकमा क्रमशः लागु गर्ने ।
- वित्तिय अनुशासन कायम राख्न तथा वित्तिय जोखिम न्यूनीकरण गर्न निम्न नीतिहरु अंगीकार गर्नेः
    - सार्वजनिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गर्ने ।
    - खर्चको नियमित रुपमा सर्वजनिकीकरण गर्ने तथा गाँउपालिकाको वेवसाईट मार्फत सार्वजनिकीकरण गरिनेछ ।
- उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन, खर्च सार्वजनिककरण तथा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था लाई कडाईका साथ लागु गरिनेछ ।
- वित्तिय तथा भौतिक प्रगति सहितको प्रतिवेदन नियमित रुपमा तयार गरी सार्वजनिकीकरण गरिनेछ ।

- कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र साविकको गा.वि.स. तथा हालको गाउँ पालिकाको पेश्की तथा बेरुजु कराईका साथ फछ्यौट गर्न आवश्यक पहल गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अभिलेख online system मार्फत गरिनेछ। भत्ता वितरण कार्य बैंक मार्फत गरिनेछ ।
- बजेट खर्च व्यवस्थापन मन्त्रालयले तयार गरेको online Software "SUTRA" मार्फत गरिनेछ ।

## राजश्व परिचालन

- कर तिर्न सबै करदातालाई प्रेरित गर्ने ।
- एक जना उत्कृष्ट करदातालाई सम्मान गर्ने ।
- कर प्रशासन लाई चुस्त, दुस्त बनाउने ।
- अधिक्तम जन्तालाई सो स्र्फुतरुपमा करको दायरा भित्र ल्याउन उप्यूत्त वातावरण श्रृजना गरी आवश्यक पहल गरिनेछ ।
- वडाहरुमा संकलन भएका राजश्व प्रत्येक महिनाको पहिला हप्तामा बैंक दाखिला गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ ।

## सुचना , सञ्चार तथा न्याय व्यवस्थापन नीतिः

- नगरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सुचनाको हक सम्बन्धि ऐनले निर्दिष्ट गरेबमोजिमका सुचनाहरु प्रकाशन तथा नागरिकले मागेको सूचना नियमअनुसार प्रदान गरिने छ ।
- गाँउपालिकाको वेवसाईट ; फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालको समेत प्रयोग गरि सुचना सम्प्रेषण गरिनेछ ।
- छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाँउपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने; सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्थ गरिनेछ ।
- गा.पा.कार्यालय र अन्तर्गतकाक निकायहरुमा सुरक्षा तथा सुशासन कायम गर्न CCTV, Digital Board, E-Hajiri जस्ता प्रविधिको प्रयोगलाई बढाबा दिईनेछ ।
- नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गर्न न्यायीक इजलास तयार गरिनेछ ।
- स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वडामा मेलमिलाप समिति गठन गरिने छ ।

## सार्वजनिक सेवा तथा क्षमता विकास नीतिहरु

- पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै गाँउबासीलाई सहज सरल ढंगबाट सेवा दिन गाउकार्यपालिकाको कार्यालय,सबै वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी सहितको नागरिक वडापत्र राख्ने तथा first come first service का आधारमा सेवा प्रदान गर्नेछ ।
- उत्प्रेरित कर्मचारीबाट नै उत्पादकत्वमा गुणात्मक वृद्धि गर्न सकिने भएकोले कर्मचारीहरुलाई प्रदान गर्दै आइरहेको स्थानीय भत्तामा २५ प्रतिशत सम्म कार्य सम्पादन र मुल्यांकनको आधारमा प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।
- दक्ष इमान्दार तथा अनुशासित कर्मचारीलाई पुरस्कृत गर्ने निति अवलम्बन गरी प्रत्येक वर्ष कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।
- गाँउपालिकाको सेवा प्रवाह, अनुगमन, मुल्याङ्कन तथा समन्वयात्मक कार्यमा सहयोग गर्न आवश्यकता अनुसार सवारी साधनहरु खरिद गर्नेछ ।
- गाउँपालिकामा साविक देखि कार्यरत रहेका सामाजिक परिचालकहरुलाई कार्यालय सहायकको रुपमा कार्य गराईरहेकोमा निजका सेवालाई निरन्तरता दिईनेछ ।
- पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, र व्यवभारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ वटा अवलोकन भ्रमण कार्यक्रमको व्यवस्था गरिनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

माथि उल्लेखित विषयगत नीतिहरुको सफल कार्यान्वयन गर्न हाल सम्म प्राप्त तथ्यांक अनुसार संघीय सरकारबाट वितीय समानिकरण अनुदान ९ करोड ९३ लाख तथा राजश्व बाडफाँडबाट ७ करोड १० लाख, शर्शत अनुदान **१२ करोड ८६ लाख** त्यस्तै **प्रदेश सरकारबाट** वित्तिय समानिकरण अनुदान ७१ लाख ५० हजार, सशर्त अनुदान ५० लाख समपुरक अनुदान ३० लाख, विशेष अनुदान २० लाख र चालु आ.ब.को खर्च भई बाँकी हुने रकम रु.७ करोड ९१ लाख १५ हजार ९० रुपैया अठचालिस पैसा र आन्तरिक श्रोतबाट संकलन हुने रुकम रु.५० लाख गरी कुल जम्मा **४० करोड १ लाख ६५ हजार ९० रुपैया अठचालिस पैसा मात्र** को आय व्यय पेश गरेको छु ।

यस बाहेक विभिन्न कार्यक्रमबाट प्राप्त हुने बजेट, अनुदान तथा अन्य आय प्राप्त भएवमोजिम निर्देशनानुसार नै खर्च लेखिनेछ ।

**आदरणीय यस गरिमामय सभामा उपस्थित महानुभावहरु,**

गाउँपालिकाको सन्तुलित एवं समावेशी विकास हाम्रो चाहाना पनि हो र साध्य हो । कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथीका सवै पक्षहरुलाई विशेष ध्यान दिईएको छ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँहरुको रचनात्मक एवं सृजनात्मक सहयोग रहने कुरामा म विश्वस्त छु ।

**अन्तमाः**

क्षेत्रगत एवं वडागत बजेट विनियोजन सम्बन्धी बिस्तृत कागजात यहाहरुको हातहातमा उपलब्ध भईसकेको छ । यसमा आवश्यक छलफल गरि समयमानै यो आगामी आ.ब. २०७६।७७ को बार्षिक नीति तथा कार्यक्रम पास गरि समयमानै कार्यान्यवनको दिसामा हामि अग्रसर छौ । यसमा सबैको साथ सवैको विकास हुने मेरो विश्वास गरेको छ ।

धन्यवाद

राम बल्लभ साह
**अध्यक्ष**
लक्ष्मीपुर पतारी गाउँपालिका
२०७६ साल असार १० गते मंगलबार

# आय व्ययको विवरण

आ.व. २०७६/७७

अनुसूची-१

रु. हजारमा

| शीर्षक | | आ.व. २०७५/७६ को अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|
| आयः | | २५२४०५ | ४००१६५ |
| | राजस्वः | ४८५० | ७६००० |
| | आन्तरिक राजस्व | ४८५० | ५००० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | ० | ७१००० |
| | | | |
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण | २०६००५ | २४५०५० |
| | नेपाल सरकारबाट प्राप्त | १९८३०० | २२७९०० |
| | प्रदेश सरकारबाट प्राप्त | ७७०५ | १७१५० |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | |
| | अन्य आय | ४००५० | ७९११५ |
| | गत वर्षको नगद मौज्दात | ४००५० | ७९११५ |
| | जनसहभागिताः | १५०० | |
| | नगद सहभागिता | | |
| | श्रम तथा वस्तुगत सहायता | १५०० | |
| व्ययः | | २५२४०५ | ४००१६५ |
| | चालु खर्च | १४६२०० | १७८६६५ |
| | पूँजिगत खर्च | १०६२०५ | २२१५०० |
| | | | |
| बजेट बचत (+)/न्यून (-) | | ० | ० |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७६/७७

अनुसूची-२

रु. हजारमा

| शीर्षक | | आ.व. २०७५/७६ को अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|
| कुल जम्मा राजस्व तथा अनुदान प्राप्ति | | २५०९०५ | ४००१६५ |
| संकेत नं. | आन्तरिक राजस्वः | ४८५० | ५००० |
| ११३११ | व्यक्तिगत सम्पतीमा लाग्ने बार्षिक कर | १८ | १६८ |
| ११३१२ | संस्थागत सम्पतीमा लाग्ने बार्षिक कर | २५ | २५ |
| ११३१३ | एकीकृत सम्पति कर | ८२१ | ८२१ |
| ११३१४ | भुमिकर/मालपोत | | |
| ११३२१ | घरवहाल कर | ४० | ४० |
| ११३२२ | वहाल विटौरि कर | ८० | ८० |
| ११४४२ | स्वास्थ्य सेवा कर | १० | १० |
| ११४४३ | शिक्षा सेवा शुल्क-शैक्षिक संस्था | २५ | २५ |
| ११४५१ | सवारी साधन कर (सवारी दर्ता वार्षिक सवारी कर तथा पटके सवारी कर ) | ५० | ५० |
| ११४७१ | सिनेमा/डकुमेन्ट्रि | | |
| ११४७२ | विज्ञापन कर | | |
| ११४७३ | अन्य मनोरञ्जन कर | १० | १० |
| ११६१३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १० | १० |
| ११६१४ | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | | |
| ११६२१ | चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धी दस्तुर | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | |
| ११६९१ | अन्य कर | ५ | ५ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ३० | ३० |
| १४२११ | कृषि उत्पादनको विक्रिबाट प्राप्त रकम | | |
| १४२१२ | सरकारी सम्पत्तिको विक्रिबाट प्राप्त रकम | | |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | ५ | ५ |
| १४२२१ | न्यायिक दस्तुर | १२ | १२ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ३५ | ३५ |
| १४२२४ | परीक्षा शुल्क | ३० | ३० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०० | १०० |
| १४२४१ | पार्किङ्ग शुल्क | | |
| १४२४२ | नक्सापास दस्तुर | ५० | ५० |
| १४२४३ | सिफारिश दस्तुर | ५० | ५० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५० | ५० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ५० | ५० |
| १४२४९ | अन्य दस्तुर | १०० | १०० |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ९० | ९० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १० | १० |
| १४४११ | चालु हस्तान्तरण | ३० | ३० |
| १४५११ | बीमा दावी प्राप्ति | १० | १० |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७६/७७

अनुसूची-२

रु. हजारमा

| शीर्षक | | आ.व. २०७५/७६ को अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | | |
| १४५२२ | साना सवारी कर | १० | १० |
| १४५२९ | अन्य राजस्व | २० | २० |
| | पोखरी ठेक्कापट्टाबाट | ३०७४ | ३०७४ |
| | | | |
| | **राजस्व बाँडफाँडः** | | ७१००० |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | | ७१००० |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | | |
| | | | |
| | **अन्य आयः** | ४००५० | ७९११५ |
| ३२१२१ | गत वर्षको नगद मौज्दात | ४०००० | ७९११५ |
| | बेरुजु असुली | ५० | |
| | | | |
| | | | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | **२०६००५** | **२४५०५०** |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | १९८३०० | २२७९०० |
| २६५११ | वित्तीय समानीकरण अनुदान | ९३१०० | ९९३०० |
| २६५१२ | सशर्त अनुदान | १०५२०० | १२८६०० |
| २६५१३ | समपूरक अनुदान | | |
| २६५१४ | विशेष अनुदान | | |
| | | | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | ७७०५ | १७१५० |
| | वित्तीय समानीकरण अनुदान | २७०५ | ७१५० |
| | सशर्त अनुदान | ५००० | ५००० |
| | समपूरक अनुदान | | ३००० |
| | विशेष अनुदान | | २००० |
| | | | |
| | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | |
| | सशर्त अनुदान | | |
| | समपूरक अनुदान | | |
| | विशेष अनुदान | | |
| | | | |
| **जनसहभागिताः** | | | ० |
| | नगद सहभागिता | | |
| | श्रम तथा वस्तुगत सहायता | | |

# व्यय अनुमान

आ.व.२०७६/७७

रु. हजारमा अनुसूची-३

| शीर्षक | | आ.व.२०७५/७६ को अनुमान | आ.व.२०७६/७७ को अनुमान | श्रोत | | | | | | वडागत व्यय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | राजस्व बाँडफाँड | जनसहभागिता | |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| चालु खर्च | | १४६२०० | १७८६६५ | ५००० | १२८६०० | ५००० | ० | ४००६५ | ० | ६६० |
| | चालु खर्च | | ४५०६५ | ५००० | | | | ४००६५ | | ६६० |
| | संघबाट प्राप्त सशर्त अनुदानका कार्यक्रमहरु | १०५२०० | १२८६०० | | १२८६०० | | | | | |
| | प्रदेशबाट प्राप्त सशर्त अनुदानका कार्यक्रमहरु | ५००० | ५००० | | | ५००० | | | | |
| | सामाजिक सुरक्षा भत्ता | | | | | | | | | |
| पूँजिगत खर्च | | १०६२०५ | २२१५०० | ० | १७८४१५ | १२१५० | ० | ३०९३५ | ० | ११३५० |
| ३१११२ | भवण निर्माण | ० | ११५०० | | | | | ११५०० | | |
| ३१११३ | निर्मित्त भवनको संरचनात्मक सुधार खर्च | ४६०० | ४५०० | | | | | ४५०० | | |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | १४७५ | १५०० | | | | | १५०० | | |
| ३११२१ | सवारी साधन खरिद | ९०५ | ८०० | | | | | ८०० | | |
| ३११२२ | मेशिनरी तथा औजार | ० | ८५०० | | | | | ८५०० | | |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एवं अन्य बौध्दिक सम्पत्ती प्राप्ति | ५०० | ५०० | | | | | ५०० | | |
| ३११२२ | मेशिनरी सामान खरिद Electronics | १४५० | १००० | | | | | १००० | | |
| | क्षेत्रगत विकास : | | ० | | | | | | | |
| | आर्थिक विकास | १४१०० | ३०७०० | | ३०७०० | | | | | ० |
| | सामाजिक विकास | १५७७८ | २४२५० | | २४२५० | | | | | ३०० |
| | पूर्वाधार विकास | ६१३०५ | १०६३०० | | ९१५१५ | १२१५० | | २६३५ | | १०००० |
| | वातावरण तथा विपद व्यवस्थापन | १००० | ११९०० | | ११९०० | | | | | १००० |
| | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५०९२ | २००५० | | २००५० | | | | | ५० |
| | कुल जम्मा | २५२४०५ | ४००१६५ | ५००० | ३०७०१५ | १७१५० | | ७१००० | ० | १२०१० |

# कार्यक्षेत्रगत व्यय अनुमान

आ.व.२०७६/७७

अनुसूची-५

रु. हजारमा

| संकेत नं. | शीर्षक | आ.व.२०७५/७६ को अनुमान | आ.व.२०७६/७७ को अनुमान | श्रोत | | | | | | वडा सिलिङ् |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | राजश्व बाँडफाँड | जन सहभागिता | |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| | कुल जम्मा | ९७२७५ | १९३२०० | ० | १७८४१५ | १२१५० | ० | २६३५ | ० | ११३५० |
| १० | आर्थिक विकास | १४१०० | ३०७०० | ० | ३०७०० | ० | ० | ० | ० | ० |
| १०१० | कृषि | ३६०० | ३५०० | | ३५०० | | | | | |
| १०२० | पशु | ५०० | १५०० | | १५०० | | | | | |
| १०३० | पर्यटन | १०००० | २५००० | | २५००० | | | | | |
| १०४० | सहकारी | ० | ७०० | | ७०० | | | | | |
| १०५० | वित्तीय क्षेत्र | ० | | | | | | | | |
| २० | सामाजिक विकास | १५७७८ | २४२५० | ० | २४२५० | ० | ० | ० | ० | ३०० |
| २०१० | शिक्षा | ६९५५ | ११२५० | | ११२५० | | | | | |
| २०२० | स्वास्थ्य | २१५३ | ३००० | | ३००० | | | | | |
| २०३० | खानेपानी तथा सरसफाइ | १२०० | ६००० | | ६००० | | | | | |
| २०४० | संस्कृति प्रवर्द्धन | ४६७० | २००० | | २००० | | | | | २०० |
| २०५० | खेलकुद तथा मनोरञ्जन | ३०० | १००० | | १००० | | | | | १०० |
| २०६० | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ० | | | | | | | | |
| २०७० | आयुर्वेद औषधालय | ५०० | १००० | | १००० | | | | | |
| ३० | पूर्वाधार विकास | ६१३०५ | १०६३०० | ० | ९१५१५ | १२१५० | ० | २६३५ | ० | १०००० |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ६१३०५ | १०६३०० | | ९१५१५ | १२१५० | | २६३५ | | १०००० |
| ३०२० | सिंचाई | ० | | | | | | | | |
| ३०३० | भवन तथा सहरी विकास | ० | | | | | | | | |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | | | | | | | | | |
| ३०५० | सञ्चार | | | | | | | | | |
| | | | | | | | | | | |

# कार्यक्षेत्रगत व्यय अनुमान

आ.व.२०७६/७७

अनुसूची-५

रु. हजारमा

| संकेत नं. | शीर्षक | आ.व.२०७५/७६ को अनुमान | आ.व.२०७६/७७ को अनुमान | श्रोत | | | | | | वडा सिलिङ् |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | राजश्व बाँडफाँड | जन सहभागिता | |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| ४० | वातावरण तथा विपद व्यवस्थापन | १००० | ११९०० | ० | ११९०० | ० | ० | ० | ० | १००० |
| ४०१० | वन तथा भु-संरक्षण | ० | | | | | | | | |
| ४०२० | जलाधार संरक्षण | ० | | | | | | | | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | ० | | | | | | | | |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | ० | ९००० | | ९००० | | | | | १००० |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | ० | १००० | | १००० | | | | | |
| ४०६० | विपद व्यवस्थापन | १००० | १९०० | | १९०० | | | | | |
| ४०७० | वारुण यन्त्र सञ्चालन | ० | | | | | | | | |
| | | | | | | | | | | |
| ५० | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५०९२ | २००५० | ० | २००५० | ० | ० | ० | ० | ५० |
| ५०१० | सामान्य सेवा | ४४५ | ५०० | | ५०० | | | | | |
| ५०२० | सुरक्षा व्यवस्थापन (प्रहरी कार्यालय) | १०० | ५०० | | ५०० | | | | | |
| ५०३० | सूचना प्रविधि | ८४७ | ८०० | | ८०० | | | | | |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | ० | ३०० | | ३०० | | | | | ५० |
| ५०५० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | १५०० | | | | | | | | |
| ५०६० | सुशासन प्रवर्द्धन | २०० | २५० | | २५० | | | | | |
| ५०७० | न्यायीक समिति संचालन तथा व्यवस्थापन | १००० | ७०० | | ७०० | | | | | |
| ५०८० | अनुसन्धान तथा विकास | ० | ७००० | | ७००० | | | | | |
| ५०९० | सम्पुरक कोष | १००० | १०००० | | १०००० | | | | | |